**मिति २०७८ साल मंसिर २२ गते बसेको सानीभेरी गाउँ कार्यपालिका बैठकका निर्णयहरु**

**बैठक नं. : ११८**

प्रस्तावहरुः

| क्र.स. | प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २ | भैसी श्रोत केन्द्रको कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा | |
| ३ | विद्यालयको लागि भौतिक पूर्वाधार माग सम्बन्धमा | |
| ४ | मौराखारा क्षेत्रको डि.पि.आर सम्बन्धमा | |
| ५ | विपद् प्रतिकार्य योजना निर्माणको लागि बजेट सम्बन्धमा | |
| ६ | उपभोक्ता समिति दर्ता सम्बन्धमा | |
| ७ | गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) आ.व २०७८।०७९ सञ्चालन गर्ने सम्बन्धमा | |
| ८ | अटो रिक्सा सञ्चालन ,दर्ता तथा भाडादर सम्बन्धमा | |
| ९ | योजना माग सम्बन्धमा | |
| १० | अ.न.मी.पदको लागि विज्ञापन गर्ने सम्बन्धमा | |
| ११ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यदल गठन सम्बन्धमा | |
| १२ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यान्वयन समिति गठन सम्बन्धमा | |
| १३ | निर्माण कम्पनिलाई कालो सूचिकमा सूचिकृत गर्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने सम्बन्धमा | |

# निर्णयहरु

| क्र.स. | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १ | गाउँ कार्यपालिकाको मिति २०७८।०७।११ गते भएका निर्णयहरुको समीक्षा गरियो। कार्यान्वयन भएका निर्णयहरुको प्रभावकारिता मूल्याङ्कन तथा अनुगमन गर्ने र कार्यान्वयन हुन नसकेका निर्णयहरुलाई कार्य योजना बनाएर अगाडी बढ्ने । | |

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २ | भैसी श्रोत केन्द्र सानीभेरी गा.पा. २ गिठाकोटको लागि आवश्यक जनशक्ति भर्ना गर्नको लागि उक्त केन्द्रको समितिलाई जिम्मेवारी दिने । | |
| ३ | नेपाल सरकार अर्थ मन्त्रालयमा तपशिल बमोजिम विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्नका लागि योजना माग गर्ने।<br>तपशिलः<br>१.श्री जनज्योति मा.वि. मेलचौर<br>२.श्री शिव मा.वि. काफलबोट<br>३.श्री बालकल्याण आ.वि. गोलडाँडा<br>४.श्री कालिका आ.वि. फुकु<br>५.श्री जनचाहना आ.वि. सहरे<br>६.श्री शितल मा.वि. पकैया<br>७.श्री जनप्रिय मा.वि. हाँसिवाङ<br>८.श्री पृथ्वी आ.वि. देउँताखोला<br>९.सानीभेरी मा.वि. बलिवाङ्ग<br>१०.श्री जनकल्याण मा.वि. बागखोर<br>११.श्री बालज्योति मा.वि. गिठाकोट | |
| ४ | मौराखारा प्राकृतिक पार्क पूर्वाधारको डि.पि.आर. गर्नका लागि श्रोत व्यवस्थापन तथा खोजी गर्ने । | |
| ५ | सानीभेरी गाउँपालिकाको विपद् प्रतिकार्य योजना निर्माण गर्नका लागि स्थानीय प्रकोप व्यवस्थापन कोष बाट रु ५०००००।— (पाँच लाख मात्र )विनियोजन गर्ने । | |
| ६ | सानीभेरी गाउँपालिका अन्तर्गत रु २००००० ।- (दुई लाख मात्र) भन्दा बढी रकममा योजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउनु पर्दा मिति २०७८।०८।२३ गते देखी लागु हुने गरि उपभोक्ता समिति गाउँपालिकामा अनिवार्य दर्ता हुनु पर्ने तथा वार्षिक दर्ता तथा नविकरण शुल्क रु १००।— (एक सय रुपैया मात्र ) लिने । | |
| ७. | गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) आ.व २०७८।०७९ मा वडा नं. १ ,२ र ४ मा सञ्चालन गर्ने | |

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ८. | सानीभेरी गाउँपालिका भित्र अटो रिक्सा सञ्चालन गर्नका लागी गाउँपालिका अटो रिक्सा व्यवस्थापन कार्यविधि,२०७८ बमोजिम अटोरिक्सा दर्ताका लागि रु ८०००।— अक्षरेपी आठ हजार मात्र र नवीकरणका लागि रु ५०००।— अक्षरेपी पाँच हजार मात्र शुल्क लिने साथै भाडादर देहाय बमोजिम कायम गर्न।<br>देहायः<br>क.चाइनाबगर देखी चौरजहारीः रु २५०।-<br>ख.चाइनाबगर देखी सिम्लीः रु १५०।-<br>ग.चाइनाबगर देखी गिठाकोटः रु ५०।-<br>घ.सिम्ली देखी हाँसिवाङः रु ५०।-<br>ङ.सिम्ली देखी सहरेः रु ५०।- | |
| ९. | श्री ववई भादा औरही नदी व्यवस्थापन आयोजना गुलरिया ,बर्दियामा तपशिल बमोजिमका योजनाहरु माग गर्ने<br>तपशिलः<br>क. योजना संचालन<br>१. गाउँपालिका अस्पताल छोटेबगर तटबन्ध योजना<br>२. बेलटापु खेल मैदान तटबन्ध योजना<br>३. पेदी बजार नदी कटान तटबन्ध योजना<br>४. रिम्ना दोभान नदि तटबन्ध योजना<br>ख. डि.पि.आर गर्ने<br>१. चाइनाबगर रजेला नदी तटबन्ध<br>२. पिरेतरा नदी तटबन्धन<br>३. गिठाकोट सिस्नेखोला नदी तटबन्ध<br>४. हाँसिवाङ खारखोला फुक्रुजिउला नदी तटबन्ध | |
| १०. | सानीभेरी गाउँपालिकालाई चालु आर्थिक वर्षमा प्राप्त स्वास्थ्य तर्फको सशर्त बजेटबाट २ (दुई) जना रोमिङ अ.न.मी र बर्थिङ सेन्टर सानीभेरी-११ मा कामकाज गर्नका लागि १ (एक) जना अ.न.मी गरि जम्मा ३ (तिन) जना अ.न.मी पदका लागि मिति २०७९ असार मसान्तसम्म कामकाजका लागि खुला विज्ञापन गर्ने । | |
| ११ | सानीभेरी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको लागि तपशिल बमोजिमको कार्यदल गठन गर्ने | |

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | तपशिलः<br>१.श्री इन्दिरा ओली-संयोजक (उपाध्यक्ष)<br>२.श्री भूपाल सिं विष्ट- सदस्य (प्र.प्र..अ)<br>३.श्री प्रेम बहादुर विष्ट-सदस्य (शिक्षा शाखा)<br>४.श्री मिनाराम के.सी -सदस्य (योजन शाखा)<br>५.श्री लिला शर्मा -सदस्य सचिव ( महिला तथा बालबालिका शाखा ) | |
| १२ | सानीभेरी गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षणको लागि तपशिल बमोजिमको कार्यान्वयन समिति गठन गर्ने<br>तपशिलः<br>१.श्री नर बहादुर पुन संयोजक (अध्यक्ष)<br>२.श्री इन्दिरा ओली सदस्य (उपाध्यक्ष)<br>३.श्री भूपाल सिं विष्ट सदस्य (प्र.प्र..अ)<br>४.श्री मिनाराम के.सी सदस्य (योजना शाखा)<br>५.श्री नौमति डाँगी ओली सदस्य (कार्यपालिका सदस्य )<br>६.श्री कमला रोका सदस्य (कार्यपालिका सदस्य )<br>७.श्री विरसिंह वि.क सदस्य (कार्यपालिका सदस्य )<br>८. श्री लिला शर्मा सदस्य सचिव ( महिला तथा बालबालिका शाखा ) | |
| १३ | सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८।०५।१६ को निर्णयानुसार नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा आदिको ) उत्खनन तथा विक्री वितरणका लागि मिति २०७८।०५।१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं. 03/SRM/078/079, गिठाकोट खोला देखि सिस्ने खोला खण्डको टेन्डर आब्हान भएको र उक्त खण्डको लागि श्री सानोभेरी निर्माण सेवा मुसिकोट-०५ रुकुम ले कबोल अङ्क (VAT बाहेक) रु १०,००,०००।—(अक्षरेपी दश लाख मात्र ) सहित ठेक्का हालेकोले मिति २०७८।०६।२० मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन भई मिति २०७८।०६।३१ मा उक्त निर्माण सेवाको बोलपत्र स्वीकृत गरि सम्झौताका लागि सूचना आब्हान गरिएकोमा तोकिएको समयमा सम्झौता नगरेकोले श्री सानोभेरी निर्माण सेवा मुसिकोट-०५ रुकुम लाई सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ६३ को उपदफा १ को खण्ड (ख) वमोजिम कालोसूचीमा सूचिकृत गर्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालय ताहाचाल, काठमाण्डौमा सिफारिस गर्ने निर्णय गरियो । | |

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत